# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरका प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टिकाराम राउत समेतले मोही जग्गा दर्ता सम्बन्धी काम गर्नको लागि विभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत वापत रू.२४,५०,०००।-(चौबीस लाख पचास हजार रूपैयाँ) रकम माग गरी लिई भ्रष्टाचार गरेको (मुद्दा नं.०८२-CR-०००६) मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम बिशेष अदालतमा सरकारी साक्षीको रूपमा पेश गरिएका तेज बहादुर तामाङ्ग र सानुकान्छा तामाङ्गले आयोग समक्ष गरेको बयानसमेतको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरी प्रतिवेदनका सम्बन्धमा अनुसन्धान हुँदा वादी नेपाल सरकार प्रतिवादी कुमार आचार्य भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको (विशेष अदालत समक्ष दायर मुद्दा नं. ०८२-CR-०००६) मुद्दाको सजायमा पूर्ण छुट दिई सरकारी साक्षीको रूपमा पेश गरिएका जिल्ला भक्तपुर, चाँगुनारायण नगरपालिका वडा नं. ४ बस्ने प्रतिवादीद्वय तेज बहादुर तामाङ र सानुकान्छा तामाङले सम्मानित विशेष अदालत, काठमाडौं समक्ष मिति २०८२।०५।२३ गते बकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरिएको बयान व्यहोराको प्रतिकूल हुनेगरी बकपत्र गरेको तथ्य स्थापित भएकोले निज प्रतिवादीहरू तेज बहादुर तामाङ्ग र सानुकान्छा तामाङ्ग तथा भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरका प्रमुख मालपोत अधिकृत कुमार आचार्य र कार्यालय सहयोगी टिकाराम राउतसमेतको मिलेमतो र योजनामा जिल्ला भक्तपुर, साविक चाँगुनारायण गाउँ विकास समिति, वडा नं. ५ख, कित्ता नं. २८६ र कित्ता नं. २८९ को जग्गा मोही बाँडफाँड/नामसारीका लागि सहजीकरण गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा बनाई दिने भनी घुस/रिसवत वापत रू.२४,५०,०००।- दिएको कार्य कसुर (Actus Reus) पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न निज प्रतिवादीद्वय तेज बहादुर तामाङ र सानु कान्छा तामाङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रू.२४,५०,०००।- (चौबीस लाख पचास हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने